# नार्पा भूमि गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ०९** **संख्याः०३** **मितिः २०८२/०३/३०**

### भाग — १

### नार्पा भूमि गाउँपालिका

*नार्पा भूमि गाउँपालिकाको विनियोजन ऐन, २०८२*

*सभा समक्ष पेश मितिः २०८२/०३/१०*

*सभाबाट स्वीकृत मितिः २०८२/०३/२३*

*प्रमाणिकरण मितिः२०८२/०३/२३*

**प्रस्तावनाः नार्पा भूमि गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,**

**नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नार्पा भूमि गाउँसभाले यो ऐन बनाएको छ।**

1= **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “नार्पा भूमि गाउँपालिकाको विनियोजन ऐन, २०८२” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

2= **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः(१)**आर्थिक वर्ष २०८२।८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्चमा रु १०,०१,२६,०००।००, पूँजिगत खर्च रु १७,८१,२१,०००।०० र वित्तिय व्यवस्था रु शून्य रकम समेत गरी जम्मा रकम रु. २७,८२,४७,०००.०० (अक्षेरुपी रु. सत्ताइस करोड बयासी लाख सत्चालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

3= **विनियोजनः (१) यस** ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त नार्पा भूमि गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) **उपदफा** (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) **उपदफा** (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) नेपालको संविधानको धारा २२९ (२( बमोजिम संचित कोषवाट विनियोजन हुने रकमको विवरण अनुसूची १ मा राखिएको छ ।

(**५**) क्षेत्रगत विनियोजित बजेट रकमको विवरण अनुसूची २ मा राखिएको छ ।

(**६**) विविध कोषहरुमा विनियोजित रकमको विवरण अनुसूची ३ मा राखिएको छ ।

## अनुसूची-१

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट बिनियोजन हुने रकम**

**रु हजारमा**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका | १०,०१,२६ | १७,८१,२१ | ०.०० | २७,८२,४७ |
| २ | | वडा समिति | १५,०० | ५,००,०० | | |
| ३ | | बिषगत शाखा | १,२८,३० | | | |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण | | | | |

# अनुसूची २

## क्षेत्रगत विनियोजित बजेट रकमको विवरण

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन |
|---|---|---|
| १ | आर्थिक विकास | ८३,००,०००.०० |
| १ | कृषि | ७०,००,०००.०० |
| २ | उद्योग | ७,००,०००.०० |
| ३ | पशुपन्छी विकास | ६,००,०००.०० |
| २ | सामाजिक विकास | ५,००,००,०००.०० |
| १ | शिक्षा | २,३६,००,०००.०० |
| २ | स्वास्थ्य | १,७६,००,०००.०० |
| ३ | खानेपानी तथा सरसफाई | ५३,५०,०००.०० |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ६,५०,०००.०० |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | २८,००,०००.०० |
| ३ | पूर्वाधार विकास | १२,८७,९१,०००.०० |
| १ | यातयात पूर्वाधार | ५,३१,००,०००.०० |
| २ | भवन, आवास तथा सहरी विकास | ३,८९,००,०००.०० |
| ३ | उर्जा | ६०,००,०००.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | १९,००,०००.०० |
| ५ | सम्पदा पूर्वाधार | २,०२,००,०००.०० |
| ६ | पुननिर्माण | ८६,९१,०००.०० |

| | | |
|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८२,३०,०००.०० |
| १ | वातावरण तथा जलवायु | २०,००,०००.०० |
| २ | विपद व्यवस्थापन | १०,००,०००.०० |
| ३ | कानुन तथा न्याय | १,५०,०००.०० |
| ४ | तथ्यांक प्रणाली | ५,००,०००.०० |
| ५ | श्रम तथा रोजगारी | ४०,८०,०००.०० |
| ६ | योजना तर्जुमा र कार्यन्वयन | ५,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२९,२६,०००.०० |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२९,२६,०००.०० |
| **कुल जम्मा** | | **२७,८२,४७,०००.००** |

## अनुसूची-३

## स्थानीय तहमा विविध कोष खाताहरुमा विनियोजित रकम विवरण

| सि.नं. | कोषको विवरण | विनियोजन |
|---|---|---|
| 1. | आर्थिक सहायता कल्याणकारी कोष | रु ८,००,०००।०० |
| 2. | भैपरी आउने | रु ३,००,०००।०० |
| 3. | प्रदेश समपुरक कोष | रु २४,००,०००।०० |
| 4. | खानेपानी ,सरसफाई तथा फोहोर ,मैला व्यवस्थापन कोष | रु १५,००,०००।०० |
| 5. | संघीय समपुरक कोष | रु २८,००,०००।०० |
| 6. | विपद व्यबस्थापन कोष | रु १०,००,०००।०० |
| 7. | हेवी इक्यूमेण्ट सञ्चालन कोष | २५,००,०००.०० |
| | **कोषको जम्मा** | **रु १,१३,००,०००।००** |

**आज्ञाले**

**शुशिल लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**